नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

फोन नं. ०६७-४२०१३३, ४२०१३४, ४२११७२
फ्याक्स नं. ०६७-४२०३०३

प.सं.:- २०७७/०७८
च.नं.:- २५८२

मितिः- २०७८/०१/२७

श्री स्थानीय तहहरु सबै,
पर्वत ।

विषय : निर्णय पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७८।०१।२७ गते प्रमख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकको निर्णय यसै साथ संलग्न गरी आवश्यक जानकारी एवम् कार्यान्वयनको लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

०७८।०१।२७

विमल प्रसाद गौतम
प्रशासकीय अधिकृत

छलफल तथा निर्णयहरु

१. यसअघिका बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा भयो।

२. पर्वत जिल्लामा कोभिड-१९ को संक्रमण तीव्र रुपमा बढिरहेको र सक्रिय संक्रमितको संख्या २४१ पुगेकोले संक्रमणको रोकथाम न्यूनीकरणलाई प्रभावकारी बनाउन पर्वत जिल्लाभर मिति २०७८।०१।२८ राति १२ बजेदेखि लागु हुने गरी २०७८।०२।०७ गते राती १२ बजे सम्म तपसिल बमोजिम गर्ने गरी निषेधाज्ञा जारी गर्न प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने निर्णय गरियो।

## तपसिल

- अत्यावश्यक काममा बाहेक घर बाहिर निस्कन र हिडडुल गर्न निषेध गर्ने ।
- सिनेमा हल, सभा, आमसभा, जुलुस, खेलकुद र मानिसहरुको भीडभाड हुने सबै प्रकारका कार्यक्रमहरु बन्द गर्ने।
- मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा नित्य पुजाहरु मात्र गर्ने ।
- विवाह (दुवै पक्षका) र मृत्युसंस्कारमा अधिकतम १० जना मात्र सहभागी हुने गरी गर्ने।
- एम्बुलेन्स, दमकल, शववाहन, खाद्यसामाग्री, निर्माण सामग्री, पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्याँस तथा पेट्रोलियम बोकेका सवारी साधनहरु, औषधि तथा स्वास्थ्य सेवाका सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु मात्र संचालन गर्ने,
- सरकारी कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सेवाहरु बन्द गर्ने, कार्यालयको अत्यावश्यक काम न्यूनतमम कर्मचारीको उपस्थितिमा सम्पादन गर्ने।
- जिल्लाभर र अन्तरजिल्ला चल्ने सबै सार्वजनिक तथा निजी यातायातका साधनहरु सञ्चालनमा रोक लगाउने ।
- बैंकहरुले कार्यालयबाट यसपूर्व प्रकाशित सूचनाबमोजिम आलोपालोमा न्यूनतम कर्मचारीको उपस्थितिमा स्वास्थ्य सुरक्षाको मापदण्डहरुको पूर्ण पालना गरी सेवा प्रवाह गर्ने।
- विकास निर्माणका आयोजनाहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी सञ्चालन हुने, मापदण्डको पालनामा आयोजना प्रमुख तथा निर्माण व्यवसायी जिम्मेवार हुनुपर्ने।
- लघुवित्त, सहकारी तथा बीमा कम्पनीका कार्यालयहरुको सेवा बन्द गर्ने।
- औषधी एवम् स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने,
- खाद्यसामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्याँस, लगायतका अत्यावश्यक सेवाका पसलहरु र निर्माण सामग्रीका पसलहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी विहान ७-१० र बेलुकी ५-७ बजे सम्म मात्र सञ्चालन गर्ने, अन्य पसलहरु बन्द गर्ने ।